नेपाली सेना

श्री भर्ना छनौट निर्देशनालय

जङ्गी अड्डा

भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग जंगी अड्डा

# प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत पदहरूको लागि दरखास्त आव्हान

(पहिलो पटक प्रकाशित मिति २०८१/०७/३० गते)

१. नेपाली सेनामा रिक्त रहेका प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत पदहरू खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा पदपुर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ । देहायका योग्यता पूगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी सो को प्रिन्ट-आउट सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना केन्द्रमा रू. १०।- (दश) को टिकट टांसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक संख्या :**

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समुह | उपसमुह | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यू भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति | खुल्ला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १ | ०८१/८२/१० | प्राड उपसेनानी | सैनिक प्राड | - | - | ० | १ | ० | ० | १ | ० | ० | २ |
| २ | ०८१/८२/११ | प्राविधिक उपसेनानी (एम.बि.बि.एस.डा.) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | मेडिकल | २ | २० | ४ | ६ | ५ | २ | १ | ४० |
| ३ | ०८१/८२/१२ | प्राविधिक उपसेनानी (डेन्टिष्ट.डा.) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | डेन्टल | १ | १ | ० | १ | ० | ० | ० | ३ |
| ४ | ०८१/८२/१३ | प्राविधिक उपसेनानी (सैनिक उपचारिका) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | नर्सिङ्ग | ० | १ | ० | १ | ० | १ | ० | ३ |
| ५ | ०८१/८२/१४ | प्राविधिक उपसेनानी (डेण्टल टेक्निसियन) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | ० | ० | ० | १ | ० | ० | १ |
| ६ | ०८१/८२/१५ | प्राविधिक उपसेनानी (Food and Nutrition Specialist) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ७ | ०८१/८२/१६ | प्राविधिक उपसेनानी (Medical Lab Technologist) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ८ | ०८१/८२/१७ | प्राविधिक उपसेनानी (अडियोलोजिष्ट एण्ड स्पिच ल्याङ्वेज प्याथोलोजिष्ट) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ९ | ०८१/८२/१८ | प्राविधिक उपसेनानी (Optometric Technician) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | १ | ० | ० | ० | ० | ० | १ |

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समुह | उपसमुह | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यू भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति | खुल्ला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १० | ०८१/८२/१९ | प्राविधिक उपसेनानी (क्लिनिकल साईकोलोजिष्ट) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ११ | ०८१/८२/२० | प्राविधिक उपसेनानी (साईकोसोसियल काउन्सलर) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | ० | ० | ० | १ | ० | ० | ० | १ |
| १२ | ०८१/८२/२१ | प्राविधिक उपसेनानी (मेकानिकल इन्जिनियर) मर्मत तथा सम्भार | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | ० | १ | ० | ० | १ | ० | ० | २ |
| १३ | ०८१/८२/२२ | प्राविधिक उपसेनानी (इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियर) मर्मत तथा सम्भार | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | ० | १ | ० | ० | १ | ० | ० | २ |
| १४ | ०८१/८२/२३ | प्राविधिक उपसेनानी (अटोमोवाईल ईन्जिनियर) मर्मत तथा सम्भार | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | ० | १ | ० | ० | ० | ० | ० | १ |
| १५ | ०८१/८२/२४ | प्राविधिक उपसेनानीं (सिभिल ईन्जिनियर) | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सिभिल तथा आर्किटेक्चर | ० | २ | ० | ० | १ | ० | ० | ३ |
| १६ | ०८१/८२/२५ | प्राविधिक उपसेनानी (कम्प्युटर ईन्जिनियर) | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सूचना प्रविधि | ० | ९ | २ | २ | २ | १ | १ | १७ |
| १७ | ०८१/८२/२६ | प्राविधिक उपसेनानी (सर्भे) | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सर्भे | ० | २ | १ | ० | १ | ० | ० | ४ |
| १८ | ०८१/८२/२७ | प्राविधिक उपसेनानी (समाचार सम्पादक/बाचक) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | ० | १ | ० | ० | ० | १ | ० | २ |
| १९ | ०८१/८२/२८ | प्राविधिक उपसेनानी (लाईब्रेरियन) | सैनिक प्राविधिक | अन्य प्राविधिक | लाईब्रेरी | ० | ४ | १ | १ | ० | ० | ० | ६ |
| २० | ०८१/८२/२९ | पाइलट उपसेनानी | सैनिक हवाई | पाइलट | - | ० | २ | ० | १ | ० | ० | ० | ३ |
| २१ | ०८१/८२/३० | प्राविधिक उपसेनानी (ए.एण्ड सि. इन्जिनियर) | सैनिक हवाई | हवाई सम्भार | - | ० | १ | ० | ० | ० | ० | ० | १ |
| २२ | ०८१/८२/३१ | प्राविधिक उपसेनानी (ग्राउण्ड हयाण्डलिङ्ग) | सैनिक हवाई | अन्य हवाई | - | ० | ० | ० | ० | १ | ० | ० | १ |
| २३ | ०८१/८२/३२ | प्राविधिक उपसेनानी (डिस्प्याचर) | सैनिक हवाई | अन्य हवाई | - | ० | १ | ० | ० | ० | ० | ० | १ |
| २४ | ०८१/८२/३३ | लेखा उपसेनानी | सैनिक विविध | लेखा समूह | - | १ | ११ | २ | ३ | २ | २ | ० | २१ |

३. **दरखास्त पेश गर्ने मिति र स्थान :**

(क) **दरखास्त मिति :** मिति २०८१/०७/३० गतेदेखि मिति २०८१/०८/२९ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८१/०८/३० गतेदेखि मिति २०८१/०९/०६ गतेसम्म थप दिन ७ हुनेछ। उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ।

(ख) अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा अनलाईनबाट भरेको दरखास्त फाराम सो भन्दा पछाडी कार्यालय खुल्ने दिनमा बुझाउन सकिनेछ।

(ग) **स्थान :** नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू।

४. **दरखास्त दस्तुर :** दरखास्त फाराम बुझाउँदा सबै पदका लागि रु.१,०००।- (एक हजार) श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१०००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शीर्षक नं.१४२२४) मा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ । सोही विज्ञापनमा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ ।

५. **आवश्यक योग्यता :**

(क) **शैक्षिक योग्यता :**

| क्र.सं. | बिज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| १ | ०८१/८२/१० | प्राड उपसेनानी | कानूनमा स्नातक तह उत्तीर्ण गरी नेपाल कानून व्यवसायी परिषद्बाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको । | |
| २ | ०८१/८२/११ | प्राविधिक उपसेनानी (एम.बि.बि.एस.डा.) | एस.एल.सी. वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा एम.बि.बि.एस. उत्तीर्ण गरी एक वर्षे इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | |
| ३ | ०८१/८२/१२ | प्राविधिक उपसेनानी (डेन्टिष्ट डा.) | एस.एल.सी. वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा बि.डि.एस. उत्तीर्ण गरी एक वर्षे इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | |
| ४ | ०८१/८२/१३ | प्राविधिक उपसेनानी (सैनिक उपचारिका) | नर्सिङ्ग विषयमा कम्तीमा स्नातक (बि.एन. वा ब्याचलर इन नर्सिङ्ग साइन्स वा बि.एस.सि. नर्सिङ्ग) उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| ५ | ०८१/८२/१४ | प्राविधिक उपसेनानी (डेण्टल टेक्निसियन) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| ६ | ०८१/८२/१५ | प्राविधिक उपसेनानी (Food and Nutrition Specialist) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| ७ | ०८१/८२/१६ | प्राविधिक उपसेनानी (Medical Lab Technologist) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| ८ | ०८१/८२/१७ | प्राविधिक उपसेनानी (अडियोलोजिष्ट एण्ड स्पिच ल्याङ्ग्वेज प्याथोलोजिष्ट) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |

| क्र.सं. | बिज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| ९ | ०८१/८२/१८ | प्राविधिक उपसेनानी (Optometric Technician) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| १० | ०८१/८२/१९ | प्राविधिक उपसेनानी (क्लिनिकल साईकोलोजिष्ट) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| ११ | ०८१/८२/२० | प्राविधिक उपसेनानी (साईकोसोसियल काउन्सलर) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| १२ | ०८१/८२/२१ | प्राविधिक उपसेनानी (मेकानिकल इन्जिनियर) मर्मत तथा सम्भार | मेकानिकल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १३ | ०८१/८२/२२ | प्राविधिक उपसेनानी (इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियर) मर्मत तथा सम्भार | इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन मध्ये एक विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १४ | ०८१/८२/२३ | प्राविधिक उपसेनानी (अटोमोवाईल ईन्जिनियर) मर्मत तथा सम्भार | अटोमोबाइल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १५ | ०८१/८२/२४ | प्राविधिक उपसेनानी (सिभिल ईन्जिनियर) | सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १६ | ०८१/८२/२५ | प्राविधिक उपसेनानी (कम्प्युटर ईन्जिनियर) | बि.इ. (आई.टि.), बि.इ. कम्प्युटर, बि.टेक. कम्प्युटर वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १७ | ०८१/८२/२६ | प्राविधिक उपसेनानी (सर्भे) | जियोम्याट्रिक इन्जिनियरिङ्ग वा सर्भे इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १८ | ०८१/८२/२७ | प्राविधिक उपसेनानी (समाचार सम्पादक/बाचक) | सम्बन्धित विषयमा स्नातक गरेको । | |
| १९ | ०८१/८२/२८ | प्राविधिक उपसेनानी (लाईब्रेरियन) | लाइब्रेरी साइन्समा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाल लाइब्रेरी एसोशियसनमा दर्ता भएको । | |

| क्र.सं. | बिज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| २० | ०८१/८२/२९ | पाइलट उपसेनानी | भौतिक विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरी इन्टरनेशनल सिभिल एभिएसन अर्गनाईजेशन (आई.सि.ए.ओ.) ले मान्यता दिएको संस्थाबाट कमर्सियल पाइलट लाईसेन्स प्राप्त गरेको र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जहाज वा हेलिकप्टरको कमर्सियल पाइलट लाईसेन्स परीक्षा उत्तीर्ण गरेको । | |
| २१ | ०८१/८२/३० | प्राविधिक उपसेनानी (ए.एण्ड सि. इन्जिनियर) | एरोनटिकल वा मेकानिकल इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता गरेको । | |
| २२ | ०८१/८२/३१ | प्राविधिक उपसेनानी (ग्राउण्ड ह्याण्डलिङ्ग) | अटोमोवाईल इन्जिनियरिङ्ग बिषयमा स्नातक तह उत्तीर्ण गरेको । | |
| २३ | ०८१/८२/३२ | प्राविधिक उपसेनानी (डिस्प्याचर) | स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | |
| २४ | ०८१/८२/३३ | लेखा उपसेनानी | वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको । | |

(ख) **शारीरिक योग्यता :**

| क्र.सं. | पद | विवरण | पुरुष | महिला | कै. |
|---|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरु | उचाई | न्यूनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट | |
| | | छाती | नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च | - | |
| | | वजन | न्यूनतम ५० के.जी. (११० पौण्ड) | न्यूनतम ४० के.जी. (८८ पौण्ड) | |
| | | आँखा | चस्मा प्रयोग गर्ने भएमा आँखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने तर सैनिक प्राविधिक सेवा अन्तर्गतका वहालवाला उम्मेदवारको हकमा ± २.५ (दुई दशमलव पांच) भन्दा बढी कमजोर नभएको हुनुपर्ने । | | |
| | | BMI | न्यूनतम १६ देखि अधिकतम २७ सम्म हुनुपर्ने । | | |

(ग) **अन्य योग्यता :**

उम्मेदवारहरू बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९", "सैनिक प्राड सेवा नियमावली, २०७४", "सैनिक प्राविधिक सेवा नियमावली, २०७६", सैनिक हवाई सेवा नियमावली, २०७४", "सैनिक विविध सेवा नियमावली, २०७४"** र **"भर्ना छनौट निर्देशिका, २०७१"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हद.** दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०८/२९ गतेसम्म उमेर निम्न अनुसार हुनु पर्नेछ ।

| क्र.सं. | पद | पुरुष | महिला | कै. |
|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरू | १८ वर्ष उमेर पूरा भई २९ वर्ष ननाघेको | १८ वर्ष उमेर पूरा भई ३० वर्ष ननाघेको | |

७. **सैनिक सेवाका बहालवाला उम्मेदवार :**

(क) उल्लिखित पदका लागि नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिको उमेरको हद सम्बन्धित सेवाको नियमावलीमा उल्लेख भएनुसार पैंतिस वर्ष पूरा नभएसम्म बढीमा ३ पटक आवेदन दिन सक्नेछ । सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको, सैनिक आधारभूत तालिम गरेको र युनिटपतिको सिफारिस हुनु पर्नेछ ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०८/२९ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पूरा भएको हुनु पर्नेछ ।

८. **पेश गर्नु पर्ने आवश्यक प्रमाणपत्रहरू :** देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि उम्मेदवारहरू स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरू मान्य हुने छैन । दरखास्त दिन आउँदा पेश गरिने सबै कागजातहरूको सक्कल प्रति अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) सबै शैक्षिक तहहरूको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ग) नेपालका विश्वविद्यालयहरू बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरूको हकमा त्रि.वि.वि. बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(घ) सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यू भएका नेपाली सैनिकका सन्ततिहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) श्री समारोह संचालन निर्देशनालयबाट प्रकाशित साहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने ।

(२) निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(३) बहालवालाको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को दफा १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(४) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफ :** उम्मेदवारहरूले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (**पुरुषको हकमा दाह्री र कपाल काटेको**) प्रति ४ (चार) र २X२ साईजको फोटो प्रति १ (एक) दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१०. **सम्पर्क मिति र स्थान :** मिति २०८१/०९/१४ गतेको ११०० बजे, नेपाली सेनाको केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भूमा स्वयम् उपस्थित भई वा श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **EXAM NOTICES** मा आगामी परिक्षाको कार्यतालिका बारे जानकारी प्राप्त गर्न सकिनेछ ।

११. **छनौट प्रक्रिया :** निम्नानुसार परीक्षाहरू संचालन हुनेछ । कुनै एक परीक्षामा अनुत्तीर्ण हुने उम्मेदवार त्यसपछि संचालन हुने अन्य परीक्षामा सहभागी हुन पाउने छैनन् ।

(क) **वियरिङ्ग परीक्षा :** यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन, छाती (महिला उम्मेदवार बाहेक) र शारीरिक बनावट परीक्षण गरिनेछ । शारीरिक बनावट परीक्षणमा हेरिने बुँदाहरु निम्नानुसार रहेको ।

(१) **बुँदा नं.१. शरीरको अङ्गहरू सामान्य भएको**

(अ) सामान्य मानिसमा हुनुपर्ने अङ्गहरू नभएको तथा थप अङ्गहरू भएको हुन नहुने ।

(आ) हात, खुट्टा लामो छोटो भएको हुन नहुने ।

(इ) खुँडे हुन नहुने ।

(ई) ढाड कुप्रो हुन नहुने ।

(उ) शरीर पूरा झुकाउन सक्ने हुनुपर्ने ।

(ऊ) जिउ कोल्टे परेको हुन नहुने ।

(२) **बुँदा नं. २. शरीरमा अस्वभाविक दागहरू नभएको**

(अ) रोग वा चोटपटकको कारण अनुहारमा अस्वाभाविक छ्याका भएको हुन नहुने ।

(आ) अनुहार र टाउकोमा अस्वभाविक ग्रहणको टाटो (Birth Mark), खत र दाग भएर रूप नै बिग्रिएको हुन नहुने तर सामान्य ग्रहणको टाटो (Birth Mark), खत र दाग भएकोलाई लिन सकिने । रोग, शल्यक्रिया र चोटपटकबाट भएको ठुलो खतको हकमा डाक्टर अधिकृतबाट एकीन गरी कार्य क्षमतामा असर नपर्ने भएमा लिन सकिने ।

(इ) आफैले जाना जानी बनाएको खत (अक्षर, नाम वा दाग) भएको हुन नहुने ।

(ई) शरीरको कुनै पनि भागमा ट्याटु मार्क हुन नहुने तर मेटाएको अवस्थामा मात्र ट्याटुको दाग स्वाभाविक भएमा लिन सकिने ।

(३) **बुँदा नं.३. हात खुट्टा बाङ्गो टिङ्गो नभएको, औंलाहरू ठीक भएको र धेरै चेप्टो पैताला (Flat Foot) नभएको**

(अ) हात खुट्टा बाङ्गो टिङ्गो भएको हुन नहुने (हत्केला आकाशतिर फर्काई सिधा गर्दा कुहिनानिरको हातको कोण पुरुषको हकमा ५-१० डिग्री र महिलाको हकमा ५-१५ डिग्री भन्दा बढी हुन नहुने)।

(आ) हात खुट्टाको औंलाहरू जोडिएको तथा खप्टिएको हुन नहुने ।

(इ) हात खुट्टाको औंलाहरू अस्वाभाविक रूपमा फाटिएर नजोडिने हुन नहुने ।

(ई) Flat Foot. धेरै चेप्टो पैताला हुन नहुने ।

(४) **बुँदा नं.४. घुंडाको अवस्था**

(अ) Knock Knee. सतर्क पोजिशनमा उभिदा घुंडा नजोडिने हुनुपर्ने ।

(आ) Bow Leg. दुबै खुट्टा जोडेर उभिंदा घुंडा बीच ८ से.मि. भन्दा धेरै ग्याप हुन नहुने ।

(५) **बुँदा नं.५. शरीरमा मुसा नभएको**

(अ) शरीरको कुनै पनि भागमा छरिएर धेरै संख्यामा मुसा भएको हुन नहुने ।

नोट: वियरिङ्ग चेकजांचको समयमा कैफियतमा मुसा भएको भनि जनाउने र निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांच सम्मको अवधिमा उपचार गराई आएमा मुसाको प्रकृति हेरी फिट हुन सक्ने भनि जानकारी गराउने ।

(६) **बुँदा नं.६. दांत नझरेको**

(अ) दांत झरेको भएमा Fixed दांत लगाएको हुनुपर्ने तर बुद्धि बङ्गारा झरेको भएमा लिन सकिने ।

(आ) दांत RCT गरेको भएमा Cap लगाएको हुनुपर्ने ।

(इ) अगाडिको दांत बाहिर निस्कन गई दुवै ओठ जोड्दा बाहिर देखिन नहुने ।

(ई) दांत किराले खाएको भए दांत भरेको हुनुपर्ने ।

(उ) अगाडिको दांतहरू २ मि.मि. भन्दा बढी फाटिएको हुन नहुने ।

भर्ना छनौट निर्देशनालय
कार्यरथी विभाग
जंगी अड्डा

(७) **बुँदा नं. ७. दुवी भएको**

(अ) सर्ने किसिमको दुवी (Vitiligo) हुन नहुने ।

(आ) शरीरमा अस्वभाविक देखिने दुवी हुन नहुने ।

नोटः P. Versicolor नसर्ने किसिमको दुवी भएमा कैफियत महलमा नसर्ने दुवी लेखि (निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांचसम्मको अवधिमा उपचार गराई आएमा अवस्था हेरी फिट हुन सक्ने भनि जानकारी गराउने) र यस्तो प्रकारको दुवीलाई लिन सकिने ।

(८) **बुँदा नं.८. कपाल नझरेको/कपाल नफुलेको**

(अ) कुनै किसिमको रोगको कारण धेरै कपाल झरेको हुन नहुने ।

(आ) धेरै मात्रामा कपाल फुलेको हुन नहुने ।

(९) **बुँदा नं. ९. आँखा डेढो नभएको र आँखा चिम्लन सक्ने**

(अ) डेढो आँखा भएको हुन नहुने ।

(आ) दुवै आँखाको आकार समान भएको हुनुपर्ने ।

(इ) दांया हात चलाउनेको हकमा वांया आँखा र वायां हात चलाउनेको हकमा दांया आँखा चिम्लन सक्ने हुनुपर्ने ।

(१०) **बुँदा नं. १०. प्रष्ट बोली भएको, भकभकाउने र लठ्यौरो हुन नहुने**

(अ) भकभकाउने, लठ्यौरो तथा तोते बोली नभएको र प्रष्ट बोली भएको हुनुपर्ने ।

(आ) उम्मेदवारहरुको शारीरिक बनावटको कारण सैनिक कार्य क्षमतामा असर पर्ने हुन नहुने ।

(ख) **बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण :** मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षणका साथै BMI समेत परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आंखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) **शारीरिक परीक्षा :** शारीरिक परीक्षाको विस्तृत मापदण्ड वेवसाईटमा उल्लेख गरिए बमोजिम हुनेछ ।

(घ) **लिखित परीक्षा :** लिखित परीक्षा श्री लोक सेवा आयोगबाट संचालन हुनेछ ।

(ङ) **प्रयोगात्मक परीक्षा :** सम्बन्धित ट्रेड अनुसार ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा संचालन हुनेछ ।

(च) **गुणमापक (टि.ओ., जि.टि.ओ., आई.ओ. र बोर्ड कन्फरेन्स) परीक्षा :** विशेषज्ञ अधिकृतहरूबाट संचालन गरिनेछ ।

(छ) **विस्तृत स्वास्थ्य परीक्षण :** मान्यता प्राप्त चिकित्सकहरूबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ । नेपाली सेनामा स्वास्थ्योपचार सुविधा पाइरहेका उम्मेदवारहरू बाहेक अन्य उम्मेदवारहरूको बिस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(ज) **बोर्ड अन्तरवार्ता :** पदपूर्ति समितिका पदाधिकारीहरुबाट बोर्ड अन्तरवार्ता हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरू :** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार हुनेछ ।

भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग जंगी अड्डा

१३. **अन्य शर्तहरु :**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(ख) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयम् उम्मेदवार हुनेछ ।

(ग) हरेक परीक्षामा सहभागी हुन आउंदा उम्मेदवारहरूले आ-आफ्नो सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(घ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारहरूको हकमा आदिवासी/जनजाति, मधेशी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यबस्था लागु हुने छैन । साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरूले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(ङ) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडि रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(च) नेपाली सेनामा हाल जारी पदपूर्ति प्रक्रियामा अन्य कुनै पदमा आवेदन पेश गरेको भए उम्मेदवारले स्वघोषणा गर्नु पर्नेछ । अन्य पदमा समेत आवेदन पेश गरेका उम्मेदवारले अनलाईन दरखास्त फाराम भर्ने क्रममा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ ।

(छ) उम्मेदवारहरूले पेश गरेको सम्पूर्ण विवरणहरूको सक्कल प्रति दरखास्त फाराम भर्दा र बोर्ड अन्तरवार्तामा समेत पेश गर्नु पर्नेछ । उम्मेदवारहरूले पेश गरेको विवरण झुठा ठहरिएमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

१४. **अनलाईन दरखास्त फाराम भर्ने सम्वन्धमा जानकारी :**

(क) नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र **Recruitment & Selection** मा गई **"Apply Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरण आवश्यक पर्ने ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा दरखास्तवालाको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा उम्मेदवारले तोकिएको न्युनतम योग्यता हासिल गरेको अवस्थामा मात्र त्यस पछि भर्नूपर्ने फारामहरुमा प्रवेश पाउनेछन् । सो पश्चात उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण र शैक्षिक विवरण नेपाली युनिकोड कालीमाटी फण्टमा भरि सो को एकिन गर्ने । उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेश पत्र, राजश्व दस्तुरको भौचर **PDF Format** मा डाउनलोड गरि **Save** गर्ने र प्रिन्ट गर्ने ।

(घ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो, हुलाक टिकट टांस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना केन्द्रमा तोकिएको मिति भित्र पेश गर्नु पर्नेछ । कुनै पनि उम्मेदवारले अनलाईन माध्यमबाट पहिलो ३० दिनको अवधि भित्र दरखास्त फाराम **Submit** गरी सोही अवधिमा स्वयम् उपस्थित भई सो को प्रिन्ट सहितको फाराम बुझाउनु पर्नेछ अन्यथा म्याद थप गरिएको अवधिमा फाराम बुझाएमा दोव्बर दस्तुर लाग्नेछ । यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सो को प्रिन्ट सहितको फाराम नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मात्र मान्यता दिईने छैन ।

(ङ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो कठिनाई सम्वन्धी जानकारी पाउन सकिन्छ ।

१५. **विशेष सूचना :** सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाए पछि कायम हुन आउने कूल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० मा समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**द्रष्टव्य :**

(१) **"सैनिक सेवा नियमावली-२०६९", "सैनिक प्राड सेवा नियमावली, २०७४", "सैनिक प्राविधिक सेवा नियमावली, २०७६", "सैनिक हवाई सेवा नियमावली, २०७४"** र **"सैनिक विविध सेवा नियमावली, २०७४"** को आधारमा पदपूर्ति गरिनेछ ।

(२) यस विज्ञापन तथा छनौट परीक्षा सम्बन्धी सबै सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल vacancy.nepalarmy.mil.np भित्र VACANCY & REQUIREMENTS मा र पद अनुसारका पाठ्यक्रमहरु ARMY SYLLABUS मा हेर्न सकिनेछ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा भर्ना छनौट निर्देशनालयको सम्पर्क नं.०१-५९७९४७८ (कार्यालय समय भित्र) सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

(शक्ति जंग बस्नेत)
सहायक रथी
निर्देशक